बैठक नं: ५४

आज मिति २०७८।०२।१३ गतेका दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री मंगल प्रसाद थारुज्यूको अध्यक्षतामा बाणगंगा नगर कार्यपालिकाको बैठक बसि निम्नानुसारको प्रस्तावहरु माथी छलफल गरि निर्णय गरिएको छ। तपसिलका पदाधिकारीहरुको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १. | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २. | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३. | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४. | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५. | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६. | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७. | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८. | सुकदेव थारु | वडाध्यक्ष | |
| ९. | विष्णू गिरी | वडाध्यक्ष | |
| १०. | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११. | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२. | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३. | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४. | टिका कूमारी अधिकारी | सदस्य | |
| १५. | सरिता देवी ढकाल | सदस्य | |
| १६. | योगनाथ सुनार | सदस्य | |
| १७. | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८. | गिता भुसाल | सदस्य | |
| १९. | केशरा गुरुङ | सदस्य | |
| २०. | सावित्रा थारु | सदस्य | सावित्रा |
| २१. | पूर्णकला सुनार | सदस्य | पूर्णकला। |
| २२. | वासुदेव खनाल | सदस्य सचिव | |

२३ चित्रबहादुर रवांड सदस्य वडा न ४-

बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगंगा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

मिति: २०७८।०२।१३

## कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु-

१. बजेट सिमा निर्धारण सम्बन्धमा
२. राजस्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा
३. आर्थिक वर्ष २०७८।७९ को बजेट मार्गदर्शन स्वीकृत सम्बन्धमा
४. कार्यालयको आन्तरीक नियन्त्रण प्रणाली सम्बन्धमा
५. कृषितर्फको धान खरिद कार्य समूह वा सहकारी मार्फत गर्ने सम्बन्धमा
६. आय ठेक्काको राजस्व संकलन सम्बन्धमा
७. नदीजन्य पदार्थको ठेक्का सम्बन्धमा
   (क) बाणगंगा खोला मधुवनधाम क्षेत्र बाणगंगा पुल उत्तर
   (ख) बाणगंगा खोला भगलापुर बनकसिया नाका
   (ग) कोईली खोला
८. पिपरा अस्पतालको पूर्वाधारका लागि नेपाल सरकार र प्रदेश सरकारसंग सहयोगका लागि अनुरोध गर्ने सम्बन्धमा
९. कोभिड-१९ व्यवस्थापनसंग सम्बन्धि स्वास्थ्य सामाग्री खरिद सम्बन्धमा
१०. सुकुम्बासी, भूमिहीन र अव्यवस्थित बसोबासीको लगत फारम लगत प्रविष्टको पारिश्रमिक सम्बन्धमा।
११. विविध

### निर्णयहरु:-

### निर्णय नं. १

बाणगंगा नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को बजेट तथा कार्यक्रम तयारीको लागि निम्नानुसारको बजेट स्रोत अनुमान, शाखागत तथा वडागत बजेट सिलिङ स्वीकृत गर्ने।

क) बाणगङ्गा नगरपालिकाको आ.व.०७८।७९ को बजेट स्रोत अनुमान

| क्र.सं. | स्रोत | | रकम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | सँघीय सरकार | समानिकरण अनुदान | २०२२०००००० | ६९१२०००००० | |
| | | विशेष अनुदान | २००००००० | | |
| | | समपुरक अनुदान | १००००००० | | |
| | | सर्शत अनुदान | ४५९०००००० | | |
| २ | प्रदेश सरकार | समानिकरण अनुदान | ९६७७००० | ५७६७७००० | |
| | | शर्सत अनुदान | १९००००१० | | |
| | | विशेष अनुदान | ९०००००० | | |
| | | समपुरक अनुदान | २००००००० | | |
| ३ | सँघीय सरकार | राजश्व बाँडफाँड | १२९१२५००० | १९५१८२६१९ | मु अ क र अन्तशुल्क |
| ४ | प्रदेश सरकार | राजश्व बाँडफाँड | २३०५७६१९ | | सवारि साधन कर |
| ५ | सँघीय सरकार | राजश्व बाँडफाँड | १८०००००० | | घरजग्गा रजिष्ट्रेशन |
| ६ | प्रदेश सरकार | राजश्व बाँडफाँड | २५०००००० | | नदी जन्य पदार्थ |
| ७ | स्थानिय सरकार | सँस्थागत | २५०००००० | २५०००००० | लागत सहभागिता |
| | १ | एकिकृत सम्पतिकर | ६०००००० | ३३७६५००० | आन्तरिक स्रोत |
| | २ | मालपोत भुमिकर | १०००००० | | आन्तरिक स्रोत |
| | ३ | घरवहाल कर | २०००००० | | आन्तरिक स्रोत |
| | ४ | वहाल विटौरि कर | २५००००० | | आन्तरिक स्रोत |
| | ५ | व्यावसायले भुक्तानि गर्ने | २५००००० | | आन्तरिक स्रोत |

| क्र.सं. | स्रोत | | रकम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | ६ | सरकारी सम्पत्तिको वहाल बाट प्राप्त आय | २०००००० | | आन्तरिक स्रोत |
| | ७ | सरकारी सम्पत्तिको विक्रि बाट प्राप्त आय | १०००० | | आन्तरिक स्रोत |
| | ८ | विद्युत सेवा सुल्क | १५००००० | | आन्तरिक स्रोत |
| | ९ | अन्य सेवा शुल्क तथा विक्रि नगर निकासि | ४०००००० | | आन्तरिक स्रोत |
| | १० | शिक्षा क्षेत्रको आम्दानि | ७५००० | | आन्तरिक स्रोत |
| | ११ | अन्य प्रसासनिक सेवाशुल्क | ५००००० | | आन्तरिक स्रोत |
| | १२ | पार्किन शुल्क | २०००० | | आन्तरिक स्रोत |
| | १३ | घर नक्सा पास दस्तुर | २५००००० | | आन्तरिक स्रोत |
| | १४ | सिफारिस दस्तुर | ६०००००० | | आन्तरिक स्रोत |
| | १५ | ब्यक्तिगत घटनादर्ता दस्तुर | १००००० | | आन्तरिक स्रोत |
| | १६ | नाता प्रमाणित दस्तुर | २००००० | | आन्तरिक स्रोत |
| | १७ | अन्य दस्तुर | ८००००० | | आन्तरिक स्रोत |
| | १८ | प्रसासनिक दण्ड जरिवान दस्तुर | ३०००००० | | आन्तरिक स्रोत |
| | १९ | वेरुजु | १०००० | | आन्तरिक स्रोत |
| | २० | कृषि तथा पशुजन्य वस्तुको ब्यावसायिक कारोवारमा लाग्ने कर | ५०००० | | आन्तरिक स्रोत |
| ८ | स्थानिय सरकार | नगद मौज्दाज अल्या | ३००००००० | ३००००००० | आन्तरिक स्रोत |
| ९ | अन्तर स्थानीय तह | जि स स कपिलवस्तु | ० | | जिल्ला स को स्रोत् |
| १० | सँघीय सरकार | सर्शत | ४००००० | ४००००० | आइ टि अफिसरको तलव |
| ११ | सँघीय सरकार | सर्शत | ३५००००० | ३५००००० | सडक वोर्ड नेपाल |
| १२ | अन्तर सरकारी अक्तियारि | सर्शत | २५००००००० | २७५०००००० | सामाजिक सुरक्षा |
| १४ | | सर्शत | २५०००००० | | स्थानिय पुर्वाधार विकास साझेदारि |
| | | जम्मा | १३११७२४६१९ | १३११७२४६१९ | |

## ख) वडागत बजेट सिलिङ

| वडा न. | क्षेत्रफल भार | | जनसख्या भार | | भौगोलिक विकटता भार | | आन्तरीक आय भार | | कूल प्राप्ताक | कूल बजेट शुत्रानुसार | न्यूनतम बजेट बाडफाड | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २० | | ६० | | १० | | १० | | | | | |
| | मापन अक (वर्ग कि.मी.) | प्राप्ताक | मापन अक (जनसख्या) | प्राप्ताक | मापन अक (विकटता) | प्राप्ताक | मापन अक (राजश्व) | प्राप्ताक | | | | |
| १ | ५.७७ | ०.४९ | ५३४१ | ४.२६ | १ | ०.५६ | २०९९९६७ | १.२० | ६.५१ | ४५५६००० | ५०००००० | ९५५६००० |
| २ | ३०.१९ | २.५९ | ७७३९ | ६.१७ | १ | ०.५६ | २३४९२२५ | १.३४ | १०.६६ | ७४६०००० | ५०००००० | १२४६०००० |
| ३ | १०.१७ | ०.८७ | ५७७६ | ४.६१ | २ | १.११ | १०८५७३५ | ०.६२ | ७.२१ | ५०४६००० | ५०००००० | १००४६००० |
| ४ | १०.४३ | ०.८९ | ७७०३ | ६.१४ | १ | ०.५६ | १७१०६६० | ०.९८ | ८.५७ | ५९९९००० | ५०००००० | १०९९९००० |
| ५ | १०.३ | ०.८८ | ५९६७ | ४.७६ | २ | १.११ | १२७०९५० | ०.७३ | ७.४८ | ५२३५००० | ५०००००० | १०२३५००० |
| ६ | ८.२१ | ०.७० | ४५६३ | ३.६४ | २ | १.११ | ७०६७७७ | ०.४० | ५.८६ | ४१००००० | ५०००००० | ९१००००० |
| ७ | ७.०३ | ०.६० | ५७८१ | ४.६१ | १ | ०.५६ | १६४७२३५ | ०.९४ | ६.७१ | ४६९६००० | ५०००००० | ९६९६००० |
| ८ | ३४.९१ | २.९९ | ८६७९ | ६.९२ | १ | ०.५६ | २५०२२९८ | १.४३ | ११.९ | ८३२९००० | ५०००००० | १३३२९००० |
| ९ | ६१.१३ | ५.२४ | ५७३२ | ४.५७ | [illegible] | १.११ | १००५९१८ | ०.५७ | ११.५ | ८०४८००० | ५०००००० | १३०४८००० |
| १० | ३६.४३ | ३.१२ | ८८८२ | ७.०८ | ३ | १.६७ | १३१२१५४ | ०.७५ | १२.६२ | ८८३६००० | ५०००००० | १३८३६००० |
| ११ | १८.६८ | १.६० | ९०७९ | ७.२४ | २ | १.११ | १८०८६४७ | १.०३ | १०.९९ | ७६९०००० | ५०००००० | १२६९०००० |
| | २३३.२५ | २० | ७५२४२. | ६० | १८ | १० | १७४९९५४६ | १० | १०० | ७००००००० | ५५०००००० | १२५०००००० |

ग) शाखागत बजेट सिलिङ

| सि.नं. | क्षेत्र | बजेट रकम |
|---|---|---|
| १ | शिक्षा | १५०००००० |
| २ | स्वास्थ्य | १००००००० |
| ३ | कृषि विकास | १२०००००० |
| ४ | पशु सेवा | ८०००००० |
| ५ | महिला तथा बालबालिका | ४५००००० |
| ६ | आयुर्वेद | १५००००० |
| ७ | पिपरा अस्पताल | १००००००० |
| ८ | सहकारी | ८००००० |
| ९ | राजस्व | ७००००० |

**निर्णय नं. २**

आर्थिक वर्ष ०७८।७९ को लागि नगरबाट संकलन गरिने राजस्व तथा सुल्कका दर, दायरा र शिर्षकहरु सहित (अनुसूची-१) बमोजिमको राजस्व परामर्श समितिको प्रतिवेदन स्वीकृत गर्ने।

**निर्णय नं. ३**

आर्थिक वर्ष २०७८।७९ को योजना तथा कार्यक्रम तर्जुमा सम्बन्धी (अनुसूची-२) बमोजिमको मार्गदर्शन स्वीकृत गर्ने।

**निर्णय नं. ४**

बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको दैनिक प्रशासन, वित्तिय अनुशासन सम्बन्धी आन्तरीक नियन्त्रण प्रणाली निर्माणको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने।

**निर्णय नं. ५**

चालु आ.व. २०७७/०७८ मा संघिय सरकारबाट शसर्त अनुदान तर्फ बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्र हरिहरभवनबाट उन्नत धान वीउमा कृषकहरुलाइ अनुदान कार्यक्रम संचालनको लागि बजेट रु.१३,१८,०००/- (तेह्र लाख अठार हजार मात्र) प्राप्त भएको र उक्त कार्यक्रमको लागि वीउ खरिद गर्न टेण्डर प्रकृया सुरु भएकोले टेण्डर मार्फत खरिद गरिने वीउ प्रत्येक वडालाई माग र आवस्यकताको आधारमा कृषि विकास शाखाको समन्वयमा उन्नत वीउमा कृषकहरुलाइ अनुदान कार्यक्रम संचालन प्रक्रिया, २०७७ अनुसार वडा कार्यालयबाट पचास प्रतिशत अनुदानमा तोकिएका मध्यम तथा मसिना जातको धानको उन्नत वीउ वितरण गर्न कृषि विकास शाखाबाट १५ दिनको सूचना गरिएको तर कसैको पनि रितपूर्वक दरभाउपत्र पेश हुन नआएकोले समूह सहकारी मार्फत धानको विउ खरिद गर्ने।

**निर्णय नं. ६**

गत आर्थिक वर्ष २०७६।७७ मा अक्सि विल्डर्ससंग सम्झौता गरि नगर निकासीको ठेक्का व्यव्सथापन गरिएको र गत साल कोभिड-१९ को कारण भएको लकडाउनबाट प्रभावित भई ठेक्का रोकिएकोमा बाणगंगा नगर कार्यपालिकाको मिति २०७७।०९।२७ को निर्णयानुसार २०७७ माघ १ गते देखि असार मसान्त सम्मको लागि पुन संकलन गर्न दिने निर्णय भएको। सम्झौता अनुसार २०७७ चैत्र मसान्त भित्र चुक्ता गर्नुपर्नेमा समयभित्र राजस्व दाखिला नगरेको कारण कार्यालयको मितिः२०७८।०१।०२ गते पत्राचार गरि दाखिला गर्न भनिएको र हालसम्म प्राप्त हुन नआएकोले बैंक ग्यारेन्टीबाट असुलउपर गर्न पत्राचार गर्ने।

**निर्णय नं. ७**

क) बाणगंगा नदी अन्तर्गत मधुवन धामक्षेत्रको नदीजन्य पदार्थको उत्खनन र निकासीको आयठेक्कामा शिवम् बिल्डर्स पोखरा महानगरपालिका ३१ ले ठेक्का लिएको र वैशाख मसान्त सम्म अन्तिम किस्ता भुक्तानी गर्नुपर्नेमा भुक्तानी नगरेको हुँदा बैंक जमानतबाट किस्तावापतको राजस्व रकम असुलीको लागि बैंकलाई पत्राचार गर्ने।

ख) बाणगंगा नदी अन्तर्गत भगलापुर-बनकसिया नाकाको नदीजन्य पदार्थको उत्खनन र निकासीको आयठेक्कामा ॐ सत्यसायी कन्स्ट्रक्सन बाणगङ्गा-५, कोपवाले ठेक्का लिएको र वैशाख मसान्त सम्म अन्तिम किस्ता भुक्तानी गर्नुपर्नेमा भुक्तानी नगरेको हुँदा बैंक जमानतबाट किस्तावापतको राजस्व रकम असुलीको लागि बैंकलाई पत्राचार गर्ने।

ग) कोईली खोला अन्तर्गत खोजिपुर सिकौरीखोला बाँधक्षेत्र अन्तर्गत नदीजन्य पदार्थ आय ठेक्कामा ढोरपाटन निर्माण सेवा बागलुङ नगरपालिका वडा नं. ११ ले आए ठेक्का लिएको र वैशाख मसान्त सम्म अन्तिम किस्ता भुक्तानी गर्नुपर्नेमा भुक्तानी नगरेको हुँदा बैंक जमानतबाट किस्तावापतको राजस्व रकम असुलीको लागि बैंकलाई पत्राचार गर्ने ।

**निर्णय नं. ८**

पिपरा अस्पतालको पूर्वाधार निर्माणको लागि अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार काठमाण्डौ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, लुम्बिनी प्रदेशमा बजेट बिनियोजनको अनुरोध गरि पठाउने ।

**निर्णय नं. ९**

कोभिड-१९ को महामारी व्यवस्थापनको लागि खरिद सम्बन्धी प्रक्रियाको लागि प्रयाप्त समय नभएकोकारण आकस्मिक रुपमा खरिद गरिएका स्वास्थ्य सामाग्रीहरुको भुक्तानी गर्ने ।

**निर्णय नं. १०**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन गरिएका फर्महरु कम्प्युटर प्रविष्टीको पारिश्रमिकको लागि इकाई संयोजकले गरेको लगत एब्ट्रीको संख्याको सिफारिस अनुसार सुकुम्बासी सम्बन्धी (रातो) फारमको लागि प्रति फारम रू.३५।- र अव्यवस्थित बसोबासी (सेतो) फारमको लागि प्रति फारम रू.५०।- लगत प्रविष्ट (कम्प्युटर एन्ट्री) गरेवापतको पारिश्रमिक उपलब्ध गराउने ।

**निर्णय नं. ११ (विविध)**

१. चक्रपथ तर्फ विनियोजित बजेट रकम मध्ये निम्नानुसारको स्थानहरुमा नयाँ ट्रेक खोल्ने निर्णय गरियो ।

   क) कपिलधामदेखि मोतिपुर डाँडा जोड्ने सडकखण्ड वडा नं. ७ रु.११,५०,०००।-

   ख) मोर्मी देखि वर्दहवा जोड्ने सडक वडा नं. ८ रु.६,१५,०००।-

   ग) वर्दहवा देखि मोर्मी जोड्ने सडक वडा नं. ९ रू.६,१५,०००।-

   घ) मर्थीचोकदेखि पूर्व भडसडवा जाने सडक वडा नं. ११ रू.६,२०,०००।-

२. वडा नं. २को लागि आ.व.०७७।७८ मा बिनियोजित बजेट रकम मध्ये सि.नं. १३ को शिक्षा सम्बन्धी विविध कार्यक्रम अन्तर्गतको रकमबाट जनता मा.वि.पिपरालाई विज्ञान प्रयोगशालामा आवश्यक पर्ने सामग्रीहरु व्यवस्थापन गरिदिने निर्णय गरियो ।

## अनुसूची-१

दोस्रो लहरको कोभिड-१९ को महामारीको रोकथाम र व्यवस्थापनको लागि समितिहरु

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

### अनुगमन समिति

| | |
|---|---|
| संयोजक | मंगल प्रसाद थारु |
| सदस्य | चक्रपाणि अर्याल |
| ,, | दामोदर खनाल |
| ,, | वडाअध्यक्षहरु सबै |
| ,, | मुख्य राजनितिक दलका प्रतिनिधिहरु |
| ,, | कपिलवस्तु उद्योग बाणिज्य संघ |
| ,, | सिद्धार्थ सामाजिक विकास संस्था |

### अस्पताल तथा संघसंस्था समन्वय

| | |
|---|---|
| संयोजक | चक्रपाणि अर्याल |
| सदस्य | शक्तिसिंह ठकुरी |
| ,, | गुणानिधि भुसाल |
| ,, | प्रकास घिमिरे |
| ,, | कृष्ण चालिसे |
| ,, | रामजी सेन (कपिलवस्तु सामुदायिक अस्पताल) |
| ,, | सुन्दर आचार्य (युनाईटेड अस्पताल) |
| ,, | सि एण्ड सि अस्पताल |

### प्रचार प्रसार मिडिया व्यवस्थापन तथा सूचना संचार

| | |
|---|---|
| संयोजक | विष्णु पौडेल |
| सदस्य | विष्णु गिरी |
| ,, | सोमनाथ अर्याल |
| ,, | भिष्मराज भुसाल |
| ,, | सन्तराम रौतार |
| ,, | बुद्ध आवाज टेलिभिजन |
| ,, | रेडियो बुद्धआवाज |
| ,, | रेडियो मायादेवी |
| ,, | रेडियो हटविट |
| ,, | रेडियो बाणगंगा |

### अक्सिजन व्यवस्थापन

| | |
|---|---|
| संयोजक | गणेश क्षेत्री |
| ,, | कपिलवस्तु उद्योग बाणिज्य संघ |
| ,, | सिद्धार्थ सामाजिक विकास संस्था |
| ,, | कपिलवस्तु जेसिज |
| ,, | बाणगंगा यातायात |
| ,, | रोटरी क्लव |
| ,, | लायन्स क्लव अफ कपिलवस्तु |
| ,, | लायन्स क्लव अफ बाणगंगा |
| ,, | वाणगंगा वेयलफेयर सोसाईटी |
| ,, | कपिलवस्तु सामुदायिक अस्पताल |
| ,, | नागरिक समाज |

## आईसोलेसन तथा स्वास्थ्य सामाग्री व्यवस्थापन

| | |
|---|---|
| संयोजक | भिष्मराज भुसाल |
| सदस्य | गणेश क्षेत्री |
| ,, | गुणानिधि भुसाल |
| ,, | बालकुमारी अधिकारी |
| ,, | तेज प्रसाद आचार्य |
| ,, | ध्रुव बेल्बासे |
| ,, | क्याम्पस प्रमुख |
| ,, | सोमनाथ अर्याल |

## एम्बुलेन्स तथा यातायात व्यवस्थापन

| | |
|---|---|
| संयोजक | बिष्णु पौडेल |
| सदस्य | बाणगंगा यातायात |
| ,, | नेपाल रेडक्रस सोसाईटी (बाणगंगा) |
| ,, | सि एण्ड सि अस्पताल |
| ,, | शान्ती श्रृजना युवा नेपाल |

## सब व्यवस्थापन

| | |
|---|---|
| संयोजक | सोमनाथ अर्याल |
| सदस्य | विष्णुप्रसाद पौडेल |
| ,, | सुकदेव थारु |
| ,, | बिष्णु गिरि |

बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाणगंगा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

अनुसूची-२

आ.व.०७७/७८ मा नदी तथा खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन गर्न दिईएको परिमाणमा २०७८ वैशाख महिनामा गरिएको अनुगमन र नापजाँचबाट देखिएको उत्खनन भैसकेको र बाँकी परिमाणको विवरण

बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाणगंगा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

## १. नदी/खोलाः बाणगंगा नाकाः भगलापुर र बनकसिया क्षेत्र

| | |
|---|---|
| ठेक्का नम्बर | ३२/०७७/०७८ |
| ठेकेदारको नाम | ॐ सत्य साई कन्स्ट्रक्सन, बाणगंगा ५ कोपवा, कपिलवस्तु |
| कबोल अंक | रु.२,८७,७७,७७७। भ्याट बाहेक |
| सम्झौता मिति र चलान पूर्जी दिएको मितिः | २०७७।१०।२९ |
| बिक्रीका लागि स्विकृत परिमाण | ६७८८० घ.मि. |
| ठेक्का समाप्त मिति | बनकसिया १ नाकाः परिमाण पुरा नभए सम्म वा २०७८ जेठ मसान्त सम्म, बनकसिया २ नाकाः २०७८ बैशाख मसान्त सम्म, भगलापुर नाकाः परिमाण पुरा नभएसम्म वा २०७८ जेठ मसान्त सम्म |

वनकसिया क्षेत्र नं ०१

| सि.न. | उत्खनन | चेनेज | | लम्बाई | चौडाई | क्षेत्रफल | हाईट | घ.मि. | कोवोर्डिनेट | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पोइन्ट | बाट | सम्म | | | | | | N | E |
| १ | zero point | | | m | m | sq.m | m | | 27°38'50.13" | 83°05'17.7" |
| २ | १ | zero point | १ | 105 | 60 | 6300 | 0.77 | 4830 | | |
| ३ | २ | २ | ३ | 327 | 50 | 16350 | 0.77 | 12535 | | |
| | | | | | | जम्मा | | 17365 | | |

वनकसिया क्षेत्र नं ०२

| सि.न. | उत्खनन | चेनेज | | लम्बाई | चौडाई | क्षेत्रफल | हाईट | घ.मि. | कोवोर्डिनेट | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पोइन्ट | बाट | सम्म | | | | | | N | E |
| १ | zero point | | | m | m | sq.m | m | | 27°38'51.97" | 83°05'52.25" |
| २ | १ | zero point | १ | 340 | 60 | 20400 | 0.62 | 12580 | | |
| | | | | | | जम्मा | | 12580 | | |

भगलापुर क्षेत्र

| सि.न. | उत्खनन | चेनेज | | लम्बाई | चौडाई | क्षेत्रफल | हाईट | घ.मि. | कोवोर्डिनेट | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पोइन्ट | बाट | सम्म | | | | | | N | E |
| १ | zero point | | | m | m | sq.m | m | | 27°39'38.99" | 83°06'20.01" |
| २ | १ | zero point | १ | 220 | 90 | 19800 | 1.2 | 23760 | | |
| | | | | | | जम्मा | | 23760 | | |

| उत्खनन गरिएको क्षेत्र | परिमाण | कैफियत |
|---|---|---|
| वनकसिया क्षेत्र नं ०१ | 17365 | घ.मि |
| वनकसिया क्षेत्र नं ०२ | 12580 | घ.मि |
| भगलापुर क्षेत्र | 23760 | घ.मि |
| जम्मा | 53705 | घ.मि |
| कन्ट्र्याक्ट घ.मि | 67880 | घ.मि |
| बाकी घ.मि | 14175 | घ.मि |

२. नदी/खोला: बाणगंगा      नाका: मधुवन क्षेत्र (बाणगंगा पुलदेखि उत्तर)

| | |
|---|---|
| ठेक्का नम्बर | ३३/०७७/०७८ |
| ठेकेदारको नाम | शिवम् बिल्डर्स, पोखरा महानगरपालिका ३१, कास्की |
| कबोल अंक | रु. ४,०३,००,१०१ भ्याट बाहेक |
| सम्झौता मिति | २०७७।१०।२९ |
| चलन पुर्जी दिईएको मिति | २०७७।१०।२९ |
| बिक्रीका लागि स्विकृत परिमाण | ७५९६८ घ.मि. |
| ठेक्का समाप्त मिति | २०७८ जेठ मसान्त सम्म वा परिमाण पुरा नभए सम्म |

| सि.न. | उत्खनन पोइन्ट | चेनेज बाट | चेनेज सम्म | लम्बाई | चौडाई | क्षेत्रफल | हाईट | घ.मि. | कोवोर्डिनेट |
|---|---|---|---|---|---|---|---|---|---|
| | Point Beyond in contract | | | m | m | sq.m | m | | N 27°44'10.85" E 83°07'13.24" |
| १ | १ | zero point | १ | 325 | 30 | 9750 | 1.59 | 15478.13 | |
| | Points in Contract | | | | | | | | |
| २ | २ | २ | ३ | 450 | 45 | 20250 | 1.46 | 29587.50 | |
| ३ | ३ | ३ | ४ | 750 | 42 | 31500 | 0.93 | 29225.00 | |
| | अन्तिम | | | | | जम्मा | | 74290.63 | |

| क्षेत्र | परिमाण | ईकाई |
|---|---|---|
| मधुवनधाम क्षेत्र (allocated) | 75968 | घ.मि |
| मधुवनधाम क्षेत्र (excavated) | 74290.625 | घ.मि |
| बाँकी घ.मी | 1677.375 | घ.मि |

बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाणगंगा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

## ३. नदी/खोलाः कोइली खोला नाकाः खोजीपुर सिकारे खोला बाँध नाका

| | |
|---|---|
| ठेक्का नम्बर | ३४/०७७/०७८ |
| ठेकेदारको नाम | ढोरपाटन निर्माण सेवा, बाग्लुङ नगरपालिका ११, बाग्लुङ |
| कबोल अंक | रु. ९७,७६,९५४। भ्याट बाहेक |
| सम्झौता मिति | २०७७।११।११ |
| चलन पुर्जी दिईएको मिति | २०७७।११।११ |
| बिक्रीका लागि स्विकृत परिमाण | २४०२२ घ.मि. |
| ठेक्का समाप्त मिति | २०७८ जेठ मसान्त सम्म वा परिमाण पुरा नभए सम्म |

| सि.न. | उत्खनन | चेनेज | | लम्बाई | चौडाई | क्षेत्रफल | हाईट | | कोअर्डिनेट |
|---|---|---|---|---|---|---|---|---|---|
| | पोइन्ट | बाट | सम्म | | | | | | |
| १ | zero point | | | m | m | sq.m | m | घ.मि. | N 27°44'10.85" |
| २ | १ | zero point | १ | 235 | 40 | 9400 | 1.74 | 16360 | E 83°07'13.24" |
| ३ | २ | २ | ३ | 30 | 15 | 450 | 1.65 | 742.5 | |
| ४ | ३ | ३ | ४ | 40 | 15 | 600 | 1.167 | 700 | |
| ५ | ४ | ४ | ५ | 70 | 15 | 1050 | 1 | 1050 | |
| ६ | ५ | ५ | ६ | 70 | 25 | 1750 | 0.533 | 933.3 | |
| | अन्तिम | | | | | जम्मा | | 19786 | |

| सारांस | परिमाण | ईकाई |
|---|---|---|
| खोजिपुर क्षेत्र-वडा नं ०९(allocated) | 24022 | घ.मि |
| खोजिपुर क्षेत्र-वडा नं ०९(excavated) | 19785.75 | घ.मि |
| बाँकी घ.मी | 4236.25 | घ.मि |

बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाणगंगा, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

## अनुसूची-३

### आ.व. ०७६।७७ को लेखापरीक्षण प्रतिवेदनमा औलाईएका बेरुजुहरुको सम्परीक्षणको लागि पठाउने निर्णयहरु।

महालेखा परीक्षकको आ.व. २०७६/०७७ को यस नगरपालिकाको अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर छलफल भयो। प्रतिवेदनमा देखिएका सैद्धान्तिक विषयवस्तुहरुलाइ नगरपालिकाले क्रमश सुधार गर्दै भावि मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता व्यक्त गर्दै र अनियमित भनि उल्लेख गरेका देहायका दफाहरुमा नगरपालिकाको ध्यान आकर्षण भएकोले महालेखा परीक्षकको कार्यलयलाई प्रमाण खुल्ने कागजात, पुष्टि र जवाफ सहितका प्रतिकृया पठाई सम्परिक्षण गरी नियमित गर्नको लागि अनुरोध गर्ने।

**दफा नं १**

संचित कोषमा गत विगतको अल्या रकम यस वर्ष प्राप्त र संचित कोष बाट भएको खर्च स्पष्ट रुपमा राखेकोछ।सो को जानाकारी संचितकोष खाताको आ.वि. बाट स्पष्ट हुन्छ। नगरपालिकाको कुनै पनि पेश्कि बाँकी नरहको साथै SUTRA SOFTWARE बाट लेखाङ्कन तथा प्रतिवेदन गरीएको।

**दफा नं ४**

नगर प्रमुख बाट प्रमुख प्रशासकीय अधिकृतलाई निर्धारित समयमै अर्थात २०७६/०४/०१ मा अख्तियारी प्रदान गरीएको हो।

**दफा नं ८**

दफामा औल्याइएका विषयवस्तु कार्यान्वयनका लागि नगर कार्यपालिकाले यसै आर्थिक वर्ष देखि आवश्यक पहल गर्ने।

**दफा नं ९**

कोभिड १९ को कारण केही योजना कार्यान्वयन नभएता पनि अधिकाँस योजना कार्यान्वयन भै जम्मा निकासा वजेटको ९२.६२ प्रतिशत खर्च भएको छ।

**दफा नं १२**

विद्यमान ऐन, कानुन, नियम, निर्देशिका ,कार्यविधि र नगर सभाले पारित गरेको खर्चको मापदण्द अनुसार खर्च गरीएकोले आर्थिक नियन्त्रण गर्न सहयोग गरेको छ।

**दफा नं १६, १७**

चालु आर्थिक वर्षमा रिक्त दरवन्दि पुर्तिको लागि माग गरी पठाइएको साथै चालु आर्थिक वर्ष भित्रै नगरपालिकाको संगठन तथा ब्यावस्थापन सर्वेक्षण गरीनेछ।

**दफा नं १८**

हाल संघको कानुन अनुसार स्थानीय निकायका कर्मचारि अवकास हुदा कर्मचारी कल्याण कोषबाट विदा उपदान लगायतका सुविधाहरु भुक्तानी गरीएको हो चालु आर्थिक वर्ष बाटै ति कर्मचारीहरुको लागि योगदानमा आधारित अवकास सुविधा सम्वन्धि कानुन तर्जुमा गरीनेछ।

**दफा नं १९**

नगरपालिकामा कामको चाप अत्यधिक रहेको छ, नवस्थापित नगरपालिका भएको कारणबाट एकातर्फ नागरिकका महत्वकाक्षी योजनालाई सम्वोधन गर्नुपर्ने छ भने अर्को तर्फ नगरको समग्र नीति निर्माणमा सहभागी हुनु पर्ने परिस्थिति विद्यमानछ। कार्यलय समयमा मात्र काम गर्दा अधिकांस समय कार्यसम्पादन र सेवा प्रवाहमा व्यस्त हुनु पर्ने भएकोले सवै शाखाहरु विहान सवैरै देखि वेलुका अबेर सम्म खटिनु पर्ने हुनाले खटिएका कर्मचारीहरुलाई मात्र सार्वजनिक विदा र कोभिड १९ लकडाउनको समय अवधि बाहेक कार्यलयमा रहेको विद्युतीय इ-हाजिरी मेशिनको प्रतिवेदनको आधारमा नगरसभाले पारित गरेको कार्यविधि अनुसार प्रत्येक कर्मचारीका कार्यलय र कार्यसम्पादन सँग सम्वन्धिते विभिन्न सुचकहरु मापन गरी अङ्क निर्धारण गरी प्रोत्साहन भत्ता भुक्तानी गरीएको हो।सवै नियम र कार्यविधि अनुसरण गरी भुक्तानी गरीएको रू. ३४,४८,०००/- खर्च रकम मनाशिवछ।प्रोत्साहन भत्तामा विनियोजित रू. ४० लाखबाट

रू. ५,५०,०००/– चालुकै अन्य शीर्षकमा रकमान्तर गरीएकोले कुल पोत्साहन भत्ता रू. ३४,५०,०००/-कायम भएको हो।नगर सभाबाट पारित कार्यविधि र सुचकहरुको प्रयोग गरी प्रोत्साहन भत्ता भुक्तानी गरेकोले भुक्तानी रकम नियम संगतछ।

दफा २०

दफामा उल्लेखित सवै विवरणको लागि नगरपालिकाले डिजिटल नगरप्रोफाइल तयार गरी सकेकोछ।

दफा २२

सीमित वजेट र नगरपालिका वासिका असिमित चाहाना तथा नगरका विविधता ब्यावस्थापन लागि टुक्रे योजना तयार गरी कार्यान्वयन गरीयता पनि यसले यस नगरपालिका भित्र सवैलाई अपनत्व बोध हुने र द्वन्द्ध व्यावस्थापन गर्न सहयोग पुगेकोछ।

दफा २४

दफामा औल्याइएका विषयवस्तु सवैको मापदण्ड कार्यविधि प्रस्ताव संकलन छनौट गोष्ठि लगायतका सम्पुर्ण प्रकृया पुरा गरी कार्यसम्पादन गरीएकोछ।

दफा २५

न्यायिक प्रकृया र मेलमिलाप केन्द्रलाई चुस्त दुरुस्त एवं सिघ्र न्यायको लागि भौतिक व्यावस्थापन लगायत जनशक्ति र समुदायलाई सचेत र सशक्तिकरण गर्ने जस्ता कार्य गरीएकोछ। जसले न्यायिक कार्यलाई प्रभावकारी बनाएकोछ।

दफा २६

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरवन्दि तेरिजमा आ. ले. प. अधिकृत छैठौंको दरवन्दि रहेको र चालु आर्थिक वर्ष मा पुर्ति गरीने र आ. ले. प. शाखा गठन हुने।

दफा २८

लुम्बिनी प्रदेशबाट पारित भएको **स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्वन्धी ऐन २०७५** अनुसार सुविधा भुक्तानी गरीएकोले भुक्तानी मनाशिवछ।

दफ २९

कार्यलयमा एक जना कम्प्युटर अपरेटरको मात्र दरवन्दी रहेको तर कार्यलयका सवैकामहरु कम्प्युटर प्रणालिबाट गरीने हुनाले अत्यधिक कार्यचाँप परी कार्यसम्पादनलाई चुस्त वनाउन एक जना सहायक कम्प्युटर अपरेटर नियुक्ति गरी कामकाजमा खटाइएको हो र सोहि ब्यक्तिलाई नगर प्रमुखको सचिवालय समेत हेर्ने जिम्मेवारी प्रदान गरीएको हो। दफामा उल्लेख गरे जस्तो नगर प्रमुखको स्वकीय सचिव हुने गरी नियुक्त गरीएको होइन। नगर कार्यपालिकाको निर्यण अनुसार दैनिक ज्यालादारीमा कामकाज गर्ने गरी खटाईएकोले निजलाइ भुक्तानी गरीएको रू. १,५९,६६०/- नियम सँगतछ।

दफा ३०

लुम्बिनी प्रदेश "**स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन २०७७, संसोधन सहित** को प्रावधान अनुसार पदाधिकारीहरुलाइ सेवा सुविधा भुक्तानी गरीएकोले अनियमित भनि लेखीएको रू. ९३,१३,०००/- भुक्तानी गर्नु मनाशिव हो।

दफा ३१

नगरसभाबाट स्वीकृत वजेट सिमा र मापदण्ड तथा प्रदेश र सँघको कार्यसञ्चालन निर्देशिका एवँ खर्चको मापदण्ड अनुसार खर्च गरीएकोले नियमितछ।

दफा ३४

नाफामूलक संस्थालाई अनुदान दिएको होइन। सहकारी सम्वन्धी प्रदेश स्तरीय अन्तरसम्वाद कार्यक्रम नगरभित्रकै सहकारीको आयोजनामा गर्दा वढी प्रभावकारी हुन्छ भन्ने मान्यता अनुरुप **कपिलवस्तु ऋण तथा सहकारी सँस्थालाइ** खाजा, स्टेशनरी, सहभागि भत्ता जस्ता शीर्षकमा नगर सभाले निर्धारण गरेको मापदण्द अनुसार भुक्तानी गरीएकोले भुक्तानी रकम बेरुजु होइन।

दफा ३५,३६

नेपालका परम्परागत धर्म, सँस्कृती एवँ जातजाति र सम्प्रदायको उत्थान, सँरक्षण र सँवर्द्धन गर्ने हेतुले यस्ता कार्यक्रम सञ्चालन गरीएका हुन यी कार्यक्रमहरुले नगरपालिकाको मान, सम्मान र ओज बढाएका छन।

दफा ३९

नगरपालिकाले आर्थिक ऐन अनुसार करका दर र दायरा बढाउने रणनीति अनुरुप राजश्व अभिबृद्धि गर्ने लक्ष्य लिएको छ।

दफा ४३

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क ३ अनुसार स्थानीय तहले नदिजन्य पदार्थबाट प्राप्त आम्दानी आफ्नो सँचितकोष खातामा दाखिला गर्ने भन्ने प्रावधान थपिनु हो, सोही अनुसार नदीजन्य पदार्थ वापतको आम्दानी रकम बाँडफाँड गरीएन।

दफा ४४, ४५

नगरपालिका तथा सवै वडा कार्यलयमा विद्युतीय प्रणाली मार्फत राजश्व रसिद काटिने र बैंक दाखिला गरीने गरीएकोछ।

दफा ५७

नमुना विद्यालयको रुपमा छनोट भएको **जनता मा.वि. पिपरा** र विद्यालय प्रबलीकरण कार्यक्रमको रुपमा छनौट भएको **कामता मा. वि. करेलियालाई** भौतिक पुर्वाधार निर्माण स्वरुप क्रमश: रू. १,५०,००,०००/– अक्षरेपी रू. एक करोड पचास लाख रुपैया र रू. १५,००,०००/- अक्षरेपी रू. प्रन्धलाख रुपैया मात्र रकम शर्सत अनुदान स्वरुप निकासा भएको हो। नगरपालिकाबाट कार्य अगाडी वढाउनको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट ड्रइङ्/ डिजाइन प्राप्त हुनु पर्ने प्रावधान शिक्षा तथा मानव स्रोत विकास केन्द्रको **कार्यक्रम कार्यान्वनय पुस्तिका २०७६/०७७** मा उल्लेखछ। तर सो केन्द्रले आर्थिक वर्षको अन्त्य सम्ममा पनि ड्रइङ्/डिजाइन उपलब्ध गराउन नसकेपछि सो भौतिक पुर्वाधार वापतको रकम विद्यालयको खातामा अनुदान स्वरुप उपलब्ध गराइएको हो। नगर कार्यपालिकाको निर्यण अनुसार सो रकम विद्यालयको खातामा रोक्का राखि कार्य प्रगतीको आधारमा फुकुवा गर्दै जाने गरी उपलब्ध गराइएको हो।हाल जनता मा.वि. पिपरा र कामता मा.वि. करेलियालाई क्रमश: रू. १;५०,००,०००/- अक्षरेपी रु एक करोड पचास लाख रुपैया मात्र र रू. १५,००,०००/- अक्षरेपी रु प्रन्धलाख रुपैया मात्र दुवैलाई इ-विडिङ्ग मार्फत ठेक्का प्रकृया अगाडी वढाइएको सम्झौता भइ कार्यसम्पादन भै रहेकोले भुक्तानी मनासिव हो।

दफा ५९

यस नगरपालिकाका कर्मचारीहरुको आ व २०७६/०७६ का लागि तलवी प्रतिवेदन तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यलय कपिलवस्तुमा पेश गरीएकोमा को. ले. नि. का. कपिलवस्तुले तलवी प्रतिवेदन सम्वन्धमा सँघीय सरकारबाट आधिकारिक र ठोस निर्देशन तथा कार्यविधि नभएकोले पास गर्ने नसकिने भन्ने कुरा जानाकारी भएकोले तलवि प्रतिवेदन पास नगरीएको हो।

दफा ६०, ६१, ६२

पिपरा अस्पताल मिति २०७६ फागुन महिनामा यस नगरपालिका हस्तान्तरण भएको र सो भन्दा अगाडि अस्पतालको आर्थिक कारोवार सम्वन्धित अस्पताल र कोलेनिका बाट सञ्चालन भएपनि फागुन सम्म कुनै कारोवार नभएको, तर अस्पतालले आर्थिक वर्षको शुरु महिना श्रावण बाट नै औषधी खरिद गरेर अस्पताल सञ्चालन गरेको। नगरपालिकामा हस्तान्तरण भइ सकेपछि सिलवन्दि दरभाउपत्र आव्हान गरी औषधी खरीद गरीएको हो। फागुन भन्दा पहिला सिधै खरिद गरीएका औषधीको भुक्तानी गर्ने जिम्मेवारी स्वत नगरपालिकामा आएकोले अस्पताल व्यावस्थापन समितिको निर्णय अनुसार बाँकी रकम भुक्तानी गरीयो। औषधी खरिद विभिन्न समयमा गरीएता पनि भुक्तानी एकै पटक पर्न गएको हो। अस्पताल व्यावस्थापन समितिलेको निर्णय अनुसार नै औषधि खरिदको भुक्तानी गरीएकोले बेरुजु भनि उल्लेख गरेको रकम रू. १९,३९,३४३/- नियम सँगत भुक्तानी हो।

दफा ६६

सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावलि २०६४ अनुसार डिपिआर निर्माण गरीएको हो। नगरपालिकामा सिमित प्राविधिक जनशक्ति हुनाले पालिकाको नियमित कार्यमै व्यास्त हुनुपर्ने तथा सो सम्वन्धमा expertise को कमी भएकोले प्राविधिक वाट डि.पि.आर.

नगराइएको हो। बजेट तर्जुमाको क्रममा नै लगत अनुमान अनुसारको वजेट विनियोजन गरेकोले स्विकृत वजेट अनुसार खर्च खरिएको हो।

**दफा ६७**

नगरपालिकामा कार्यबोझ अत्याधिक भएको कारण प्राय सवै कर्मचारी ब्यस्त हुनुले कार्यलाइ छिटो छरितो मितव्ययी र प्रभावकारी वनाउनको लागि सफ्टवेयर हरु खरिद गरीएका हुन। नगरपालिकाका प्रत्येक शाखालाइ कार्य प्रकृति अनुसार सवैलाइ सफ्टवेयरको आवश्यक रहेकोछ। तर सवै शाखामा सफ्टवेयर छैनन् अति आवश्यक योजना तथा प्रविधिक शाखामा मात्र सफ्टवेयर जडान गरीएको हो। नेपाल सरकारबाटै यस्ता आवश्यक सफ्टवेयर निर्माण गरी कार्यन्वयन गर्न निर्देशन गरेमा यस सम्वन्धी खरिद कार्य पुर्णरुपमा वन्द हुनेछ।

**दफा ६८**

विपद व्यावस्थापन तथा जलवायु उत्पादनशिल योजना निर्माणको लागि सँघीयमामिला तथा सामन्य प्रशासन मन्त्रालयले पटक पटक ताकेता गरेको र तत् सम्बन्धमा नगरपालिकामा उपयुत्त जनशक्ति नभएको कारण नगर सभाबाट स्वीकृत वजेटको परिधी भित्र रहि सार्वजनिक खरिद ऐन र नियमावली अनुसार परामर्श सेवा खरिदको प्रावधान अनुसार शिल कोटेशन माग गरी खरिद गरीएको हो। यस वापत भुक्तानी गरीएको रू. ४,९८,०००/-भुक्तानी मनासिवछ।

**दफा ७१**

नगरपालिकाले सवै अनुदानको रकमको नियमित अनुगमन गर्ने गरेकोछ। र अनुगमनका कागजात क्षेत्र र शाखा अनुसार अभिलेखिकरण भएका छन।

**दफा ७२**

स्पस्ट आधार र प्रयोजन बिना भ्रमण आदेश स्वीकृत र भुक्तानी नगरीएको अनावश्यक भ्रमण खर्च लाइ निरुत्साहित गरी आर्थिक नियन्त्रण गरीएकोछ।

**दफा ७३**

नगरसभाले स्वीकृत गरेका सवै योजनाहरुको अनुगमन देहाय बमोजिम गर्ने गरीएकोछ।

| | |
|---|---|
| नगरस्तरीय सिलवन्दि र वोलपत्र योजना | उपप्रमुखक सँयोजक रहेको अनुगमन समितिले |
| वडास्तरीय सवै योजना | वडा अध्यक्ष सँयोजक रहेको वडा समितिले |
| लक्षित कार्यक्रम | नगर प्रमुख उपप्रमुख वडा अध्यक्ष लगायत सम्वन्धित शाखाले |
| उपभोक्ता समिति मार्फतको योजना | अनुगमन समितिले |

अनुगमनका कागजात नगरपालिका योजना शाखामा र सम्वन्धित खातमा सुरक्षित र व्यावस्थित छन।

**दफा ८१**

दफामा उल्लेख भएका अधिकांस फर्मको रकम धरौटी नभई ठेक्का प्रकृयामा सहभागि हुँदाको विड सेक्युरीटि मनि हो। सो रकम कुनै एउटा पार्टिसँग ठेक्का सम्झौता भएमा तेहि ठेक्का प्रकृयामा सहभागि भएका अन्य पार्टिलाई भुक्तानी दिन सकिने र ठेक्का पाउने पार्टिलाइ पनि ७५ दिन वा १२० दिन पछि भुक्तानी दिने प्रावधानछ। धरौटी फिर्ता गर्दा छुट हुन पुगेका कर चुक्ता लगायत आवश्यक कागजात लेखा परीक्षणको अवधीमानै पेश गरीएको तर प्रारम्भिक प्रतिवेदमा समावेश भएकोले प्रमाण कागजातको आधारमा बेरुजु भनि उल्लेख गरीएको रू. ८,६१,५००/– नियमित हो।

**कोभिड १९**

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को महमारीको रोकथाम र नियन्त्रणको लागी पूर्वतयारीको रुपमा खासै केहि गर्न नसकिएतापनि आकस्मिक रुपमा धेरै कार्य गर्नु पर्ने परिस्थिति सिर्जना भयो। यसको लागि कार्यलयका स्वास्थ्य लगायतका प्रशासनिक कर्मचारीहरुलाई दिनहु खटाउने कार्यापालिका लगायत विपद समितिका बैठक वस्ने कार्य गरी महामारी अवधिमा खरिदगर्ने राहत र अन्य स्वास्थ्य सामग्रीमा

पारदर्शिता र एकरुपता एवं जवाफदेही बन्नका लागि नगरपालिका मात्र नभई उद्योग बाणिज्य संघ , नागरिक समाज , विभिन्न सँघ सँस्थाका प्रतिनिधिहरु र राजनीतिक दलका प्रतिनिधिहरु समेतलाई सहभागि बनाई सामुहिक जवाफदेहिताको बिकास गरी महामारी विरुद्ध ऐक्यवद्दता कायम गर्न पहल गरीयो।

राहतको रुपमा वितरण गरीएका खाद्य सामाग्रिहरु चामल, दाल,, खानेतेल सावुन, नुन लगाएतका अन्य समाग्रिहरुलाई ३ दिने छोटो सूचना पत्रपत्रिका प्रकाशन नभएकोले एफ.एम. रेडियो मार्फत प्रकाशन गरी सिलवन्दि दरभाउपत्रको आधारमा खरिद गरीएको हो । विपदको वेलामा समेत खरिद गरीएका उत्त सामाग्रिहरु प्रचलित बजारमूल्य को दररेट अनुसारनै छन।

जोखिम भत्ताको सम्वन्धमा सँघीय सरकारबाट निर्देश गरीएको कार्यविधिको अधिनमा रहेर विपदमा खटिएका स्वास्थ्यकर्मिहरु र स्वास्थ्य व्यवस्थापनमा अन्य कर्मचारीलाई सो भत्ता भुक्तानी गरीएको हो । जोखिम भत्तालाई पनि वस्तुनिष्ठ बनाउन नगरपालिकामा कार्यदल गठन गरी सो कार्यदलको सिफारिसको आधारमा कार्यपालिकाबाट स्विकृत गरी वितरण गरीएको हो

खरिद गरीएका स्वास्थ्य सामाग्रीहरु दररेट सम्वन्धमा माहामारिको शुरुको अवधीमा ति सामाग्रिहरुको अत्यधिक माग बढी मुल्य बढेको भएतापनि पछि मुल्य घटेको थियो। तसर्थ मुल्यमा एकरुपता थिएन र समाग्रिहरुको गुणस्तर एकै प्रकृतीको नभएर पनि मूल्यमा धटवढ भएको हो।

राहत सामाग्रि वितरण गर्दाका सम्पुर्ण बिलभरपाई नगरपालिकामा सुरक्षित छन् । भरपाई बेगर कसैलाइ पनि राहत वितरण गरीएको छैन !

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल